# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

### गाउँ कार्यपालिकाको बैठक

मिति : २०८३/०२/०४

**बैठक संख्या :** - २०८२/०८३

समय : बिहानको ०८:०० बजेदेखि

आज मिति २०८३ जेठ ०४ गते सोमबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खापुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री रेखा कुमार राई | वडा सदस्य | | |
| | | | | |
| | | | | |
| | | | | |

# रोङ गाउँपालिका
## इलाम, कोशी प्रदेश, नेपाल

### गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या :** १२ -२०८२/०८३

**मिति :** २०८३/०२/०४
**समय :** बिहानको ८:०० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८३/१२/२० गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : मुख्य प्रशसनिक भवनमा नेटवर्किङ तथा सामाग्री जडान सम्बन्धमा।

निर्णय ४ : रोङ गाउँपालिकाको निर्माण सम्पन्न हुन लागेको प्रमुख प्रशासकीय भवनमा नेटवर्किङ तथा सोसँग सम्बन्धित सामाग्री जडान गर्ने। रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत बजेटको 'मुख्य प्रशासनिक भवन नेटवर्किङ तथा सामाग्री जडान' शीर्षकमा रु. ५,००,०००।- रहेको र त्यसमा 'गाउँपालिका अन्तर्गतका विभिन्न कार्यालय तथा विद्यालयहरुको सामाग्री मर्मत' शीर्षकमा रहेको रु. ५,००,०००।- थप गरी उक्त कार्य गर्ने।

प्रस्ताव ५ : रोङ गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ५ : रोङ गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको विभिन्न समयमा बसेको बैठकको देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने :

:

- ✓ आगामी आर्थिक वर्ष २०८३/०८४ मा राजस्वको क्षेत्र पहिचान गर्ने सम्बन्धी निर्णय,
- ✓ आगामी आर्थिक वर्ष २०८३/०८४ मा राजस्वको दर निर्धारण सम्बन्धी निर्णय,

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

✓ आगामी आर्थिक वर्ष २०८३/०८४ मा राजस्व संकलनको अनुमान सम्बन्धी निर्णय ।

प्रस्ताव ६ : एस. इ. इ. परीक्षाको नतिजाको छलफल तथा विश्लेषण गर्ने सम्बन्धमा ।

निर्णय ६ : शैक्षिक सत्र २०८२ मा सञ्चालित एस. इ. इ. परीक्षाको नतिजाको छलफल तथा विश्लेषण गरियो । सम्बन्धित वडा तथा विद्यालयमा समेत उक्त परीक्षाको नतिजको विश्लेषण गरी सो को निश्कर्षका आधारमा अघि बढ्ने ।

प्रस्ताव ७ : 'गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' को मस्यौदा उपर राय परामर्श दिने सम्बन्धमा ।

निर्णय ७ : 'गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' को मस्यौदालाई वडास्तरमा अध्ययन गरी सो सम्बन्धमा कुनै राय/सुझाब भएमा वडा समितिको निर्णय सहित लिखित रुपमा गाउँ कार्यपालिकाको आगामी बैठकमा पेश गर्नका लागि वडाहरुलाई पत्राचार गर्ने ।

प्रस्ताव ८ : अभिभावकविहीन विद्यार्थीहरुको जन्मदर्ता बनाइदिने सम्बन्धमा ।

निर्णय ८ : रोङ गाउँपालिकाका विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत जन्मदर्ता नभएका अभिभावकविहीन विद्यार्थीहरुको आवश्यक प्रकृया पूरा गरी ३ दिनभित्र जन्मदर्ता बनाइदिनका लागि वडाहरुलाई पत्राचार गर्ने ।

प्रस्ताव ९ : कार्यालय खुल्ने बार र समय हेरफेर गर्ने सम्बन्धमा ।

निर्णय ९ : नेपाल सरकारको निर्णय अनुसार २०८२ चैत्र २३ बाट कार्यालय समय बिहानको ९ बजेदेखि दिउँसोको ५ बजेसम्म कायम भएको तथा शनिबार र आइतबार सार्वजनिक बिदा हुँदै आएकोमा आर्थिक वर्ष २०८२/०८३ को अन्त्यतिर आउँदै गर्दा कार्यालयहरुमा कामको चाप थपिंदै गएको तथा सातामा दुई दिनको सार्वजनिक बिदाको कारण गर्दा सेवाग्राहीहरुलाई समयमै गुणस्तरीय सेवा प्रवाह गर्न नसकिने अवस्था सिर्जना भएको हुँदा मिति : २०८३ जेठ ०६ गतेबाट २०८३ असार मसान्तसम्मका लागि देहाय अनुसार साबिककै बार र समयमा कार्यालय सञ्चालन गर्ने :

देहाय :

✓ कार्यालय खुल्ने बार : आइतबारदेखि शुक्रबार, (साबिक अनुसारका सार्वजनिक बिदाको दिन बाहेक)

✓ कार्यालय समय : आइतबारदेखि बिहीबारसम्म बिहान १०:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म र शुक्रबार बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

- ✓ रोङ गाउँपालिकाका विद्यालयहरु बाहेकका सबै सरकारी कार्यालयहरुका हकमा यो निर्णय लागू हुने ।

प्रस्ताव १० : एग्रो फरेष्ट्री विकास गर्ने सम्बन्धमा ।

निर्णय १० : रोङ गाउँपालिकामा एग्रो फरेष्ट्री विकास गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने :

देहाय :

- ✓ रोङ गाउँपालिकाभित्रका सामुदायिक वनक्षेत्रका बाँझो र खाली जग्गाहरुमा रबर खेती गर्ने,
- ✓ रोङ गाउँपालिका क्षेत्रभित्रका पहिचान गरिएका ६४ सुकुम्बासी परिवारलाई उक्त रबर खेतीमा संलग्न गराउने,
- ✓ यसका लागि वडाहरुमार्फत् सामुदायिक वनमा रहेका खाली जमीनहरु पहिचान गर्ने ।

प्रस्ताव १० : रोङ गाउँपालिकाबाट भूमि प्रशासन सेवा सञ्चालन गर्ने सम्बन्धमा ।

निर्णय १० : रोङ गाउँपालिकाबाटै भूमि प्रशासन सेवा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गरिदिन हुन भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

प्रस्ताव ४ : 'गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' को मस्यौदा अध्ययन गरी उक्त मापदण्डको सम्बन्धमा कुनै राय/सुझाब भएमा वडा समितिको निर्णय सहित लिखित रुपमा गाउँ कार्यपालिकाको आगामी बैठकमा पेश गर्ने ।

निर्णय ४ : १) 'गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' को मस्यौदा अध्ययन गरी उक्त मापदण्डको सम्बन्धमा कुनै राय/सुझाब भएमा वडा समितिको निर्णय सहित लिखित रुपमा गाउँ कार्यपालिकाको आगामी बैठकमा पेश गर्ने ।

२) रोङ गाउँपालिकाका विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत जन्मदर्ता नभएका अभिभावकविहीन विद्यार्थीहरुको आवश्यक प्रकृया पूरा गरी ३ दिनभित्र जन्मदर्ता बनाइदिने ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : विनोद कुमार चौहान,*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत